# चौतारा साँगाचोकगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मिति:- २०७७।०६।०८

चौतारा साँगाचोकगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौतारा, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

### विज्ञप्ति

यस चौतारा साँगाचोकगढी नगरपालिका वडा नं १४ का वडा अध्यक्ष श्री शेर बहादुर श्रेष्ठले मिति २०७७ असोज ७ गते बिहान ८ बजेको समयमा वडास्तरको विकास निर्माणलाई छिटो छरितो एवं गुणस्तर युक्त बनाउनको लागि अनुरोध गर्दा केहि उश्रृङ्खल व्यक्तिहरुले निज निर्वाचित जनप्रतिनिधि माथि सांघातिक आक्रमण गरि घाइते तुल्याएको सम्बन्धमा यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। केहि दिन अघि यसै नगरपालिकाको वडा नं १३ का वडा सदस्य श्री लिला बहादुर गिरी माथि पनि हातपात भएको थियो । पटक पटक हुँदै आएका यस्ता गम्भिर प्रकारका अभद्र व्यवहारहरुको घोर भर्त्सना गर्दछौं ।

प्रजातान्त्रिक शासन व्यवस्थामा आफुलाई लागेका कुराहरु निर्भिक रुपमा राख्न पाउने संबैधानिक तथा कानुनी व्यवस्थालाई समेत प्रतिकुल असर पुऱ्याउने गरि भएको उक्त घटनाहरु प्रति यस नगरपालिका खेद व्यक्त गर्दछ। घटनामा संलग्न दोषीहरुलाई यथाशीघ्र कानुन बमोजिम कडा भन्दा कडा कारबाही गर्नका लागि स्थानीय प्रशासन संग जोडदार माग गरिन्छ। साथै घाइते वडा अध्यक्ष श्री शेर बहादुर श्रेष्ठको शिघ्र स्वास्थ्य लाभको कामना गरिन्छ।

(अमान सिं तामाङ)
नगर प्रमुख

http://chautaramun.gov.np/ chautaramun@gmail.com 011-620477, 313 011-620047